# दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरीज्यूले गाउँसभाको २१ औं अधिवेशनको पहिलो बैठकमा मिति २०८३ साल असाढ ९ गते प्रस्तुत गर्नु भएको वार्षिक नीति तथा कार्यक्रम

**गाउँ सभाका सदस्यज्यूहरू,**

१. दंगीशरण गाउँपालिकाको यस गरिमामय गाउँ सभाको २१ औं अधिवेशनको पहिलो बैठकमा मेरो पदावधिको अन्तिम वर्षमा आगामी आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको अनुभूति गरेको छु । मलाई यो पाँच वर्षको अवधिसम्म गाउँपालिकाको अध्यक्षको जिम्मेवारी दिई दंगीशरण गाउँपालिकाको समुन्नतिको लागि हातेमालो गर्ने यो सुअवसर प्रदान गर्नुहुने सार्वभौम दंगीशरण गाउँपालिकाबासी आदरणीय मतदाताज्यूहरूप्रति कृतज्ञ छु। सार्वभौम जनताको मताधिकार र लोकसम्मतिका आधारमा शासन सञ्चालन गर्ने परिपाटीको विकासका लागि नेपालको विभिन्न लोकतान्त्रिक आन्दोलनहरू र गत वर्ष भाद्र २३ र २४ को जेन-जेड आन्दोलनमा होमिएर प्राण आहुति गर्ने महान शहिदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै जनआन्दोलनका समस्त घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु।

२. नेपालको संविधान २०७२ जारी भएपश्चात संघीय शासन प्रणालीको अभ्यासका क्रममा स्थानीय तहको दोश्रो निर्वाचनबाट निर्वाचित भएर आएपछिका विगत चारवर्षको अवधिमा विभिन्न आरोह अवरोह तथा बाधा व्यवधानहरूका बावजुद पनि संघीय शासन प्रणालीको मर्म अनुरूप राज्यका तर्फबाट प्रवाह गर्नु पर्ने सेवा सुविधा तथा विकास निर्माणका कार्यक्रमहरू सरल र सहज रूपमा जनताको घरदैलोमा पुर्याउने कार्यमा गाउँपालिका सफल रहेको महशुस भएको छ।

३. राज्यका श्रोतहरूमा समन्यायिक वितरणको संस्थागत विकास गर्न गाउँपालिकाको विशेष पहल रहनेछ। आगामी आर्थिक वर्षमा योजना तथा कार्यक्रम छनौट गर्दा जनताका माग र आवश्यकता एवं औचित्यका आधारमा गरी त्यसको कार्यान्वयनमा समेत तिनै वर्गहरूको संलग्नता र सहभागितामा गर्ने परिपाटीको विकास गरिनेछ। **"हाम्रो प्रण, समुन्नत दंगीशरण"** भन्ने हाम्रो मूल मन्त्रलाई व्यवहारिक रूपमा नै लागु गर्न कम लागतमा सञ्चालन हुने, रोजगारी सिर्जना गर्ने, जनताको सहभागिता अभिवृद्धि गर्ने र उत्पादन बढाउने खालका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ।

**गाउँ सभाका सदस्यज्यूहरू !**

विगत चार वर्षको अनुभव, सञ्चालन भएका कार्यक्रमहरूको उपलब्धि, औचित्यलाई मध्यनजर गर्दै आगामी आर्थिक वर्षमा देहायबमोजिमका कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्दा कृषि, स्वास्थ्य, शिक्षा क्षेत्रको विकास, आर्थिक आयआर्जनमा वृद्धि र मानवीय विकासलाई बढी जोड दिइनेछ।

४. गाउँपालिकाको उपलब्ध बजेट तथा श्रोतहरूलाई गरिबी निवारणमा टेवा पुग्ने, रोजगारी सिर्जना गर्ने, लागत सहभागिता सुनिश्चित हुने, कम लागतमा सञ्चालन हुने र उत्पादकत्व वृद्धिमा योगदान पुर्याउने खालका योजना तथा कार्यक्रमहरूमा लगानी गर्ने नीति अवलम्बन गरिनेछ।

५. योजना तथा कार्यक्रमहरूको छनौट गर्दा समुदायमा आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गहरूलाई लक्षित गर्दै मागका आधारमा योजना तथा कार्यक्रम छनौट गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

६. सामाजिक विकासको माध्यमबाट जनताको सामाजिक, आर्थिक, शैक्षिकस्तर सुधार गरी समाजमा पछि परेका पहुँचविहिन वर्ग तथा समुदायलाई विकासको मूलधारमा ल्याउने खालका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

७. बढ्दो बेरोजगारीको समस्या हल गर्न, वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सीपलाई उपयोग गरी आर्थिक उत्पादकत्व वृद्धि गर्न राष्ट्रिय रोजगार कार्यक्रमसँग समन्वय गरी गाउँपालिकाले युवा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८. कृषि क्षेत्रमा जल्दोबल्दो समस्याको रूपमा रहेको रासायनिक मल तथा विषादीको अत्यधिक प्रयोगलाई न्यूनिकरण गर्न गाउँपालिकाले जैविक मल उत्पादन एवं प्रयोगलाई प्रोत्साहित गर्नेछ। साथै सिचाईको लागि स्यालो ट्यूवेल निर्माण कार्यलाई प्राथमिकता दिईनेछ।

९. आर्थिक समुन्नतिको प्रमुख आधारको रूपमा रहेको कृषि तथा पशुपालनको क्षेत्रमा आत्मनिर्भर बनाउनको लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको साझेदारीमा कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१०. अपाङ्गता भएका व्यक्तिहरूलाई विकासको मूलधारमा ल्याई उनिहरूको क्षमता विकासको लागि अपाङ्गमैत्री पूर्वाधार विकास तथा कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ। अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकासको लागि आयआर्जन गर्ने खालका सीपमूलक तालिमको व्यवस्था प्राथमिकताका साथ लागु गरिनेछ।

११. स्वास्थ्य सेवालाई गुणस्तरीय, सर्वसुलभ गराई अशक्त, अपाङ्ग, जेष्ठ नागरिक, बेसहारा, गर्भवती, सुत्केरी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई गाउँपालिकाबाट दिइने सबै किसिमका स्वास्थ्य सेवाहरू निशुल्क बनाउँदै लगिनेछ।

१२. दंगीशरण आधारभूत अस्पताल संघीय सरकारसँगको सहकार्यमा पूर्ण क्षमतामा सञ्चालन गर्नुका साथै फार्मेसी र स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ।

१३. दंगीशरण गाउँपालिकाका ९८ प्रतिशत घरधुरीहरूमा खानेपानी पुगिसकेको र बाँकी घरधुरीहरूमा गुणस्तरीय खानेपानी तथा सरसफाई सुविधा प्रदान गरी स्वास्थ्यको सुरक्षा तथा प्रवर्द्धन गर्न खानेपानी आयोजनाहरूको शिघ्र कार्यान्वयन गरी सुरक्षित पिउने पानी वितरणलाई विशेष पहल गरी शतप्रतिशत घरधुरीमा सुरक्षित र स्वच्छ पानी वितरण गरिनेछ।

१४.दंगीशरण गाउँपालिकाभित्र रहेका भाषा, संस्कृति, कला, भेषभुषाहरूको विकास गरी पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न योगदान दिने कार्यक्रमहरूको छनौट तथा कार्यान्वयनलाई प्राथमिकता दिइनेछ। साथै परम्परागत पेशाको संरक्षणका लागि आवश्यक सामाग्रीहरु अनुदानमा उपलब्ध गराईनेछ।

१५. दंगीशरण गाउँपालिकाभित्र रहेका पर्यटकीय गन्तव्यहरूको पूर्वाधार विकास गरी आकर्षक पर्यटकीय क्षेत्रका रूपमा पहिचान कायम गर्न प्राथमिकता दिइनेछ।

१६. न्याय सम्पादनलाई छिटोछरितो, वैज्ञानिक र पहुँचयुक्त बनाउन पूर्वाधारको विकास तथा न्यायिक समितिको क्षमता विकासलाई जोड दिइनेछ।

१७. प्राकृतिक विपत्तिको रोकथाम तथा जोखिम न्यूनिकरण गर्न उद्दार सामाग्रीको व्यवस्थापन र जनप्रतिनिधी तथा कर्मचारीको क्षमता विकास गरिनेछ।

**गाउँ सभाका सदस्यज्यूहरू !**

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन हुने गरी विषय क्षेत्रहरूसँग सम्बन्धित नीति तथा कार्यक्रमहरू यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु।

**शिक्षा, युवा तथा खेलकूद**

१८.**"विद्यालयमा डिजिटल पूर्वाधार, शिक्षण सिकाइमा सुधार"** नारालाई सार्थक तुल्याउन आवश्यक बजेट विनियोजन तथा कार्यक्रम सञ्चालन गरिनेछ।

१९. विद्यालयमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन गरी विद्यालयमा ल्याउन आवश्यक सहयोग र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।

२०. न्यूनतम् विद्यार्थी संख्या पुगेका र अङ्ग्रेजी, गणित र विज्ञान विषयका शिक्षक व्यवस्थापनका लागि आधारभूत तह ६-८ र मा.वि. तह ९-१०, उच्च मा.वि. तह ११-१२ सञ्चालित विद्यालयलाई एकमुष्ठ स्वयंसेवक शिक्षक अनुदानको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२१. शिक्षक तथा विद्यालय कर्मचारीहरूको नियमिततालाई प्रभावकारी बनाउन डिजिटल हाजिरीको व्यवस्थालाई प्रभावकारी बनाइनेछ।

२२. कक्षा १० का विद्यार्थीको सिकाइ उपलब्धीमा सुधारका लागि अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था मिलाइने छ।

२३. सामुदायिक विद्यालयबाट कक्षा १० उत्तीर्ण भई कक्षा ११-१२ मा विज्ञान तथा प्राविधिक विषय अध्यापन गर्ने विपन्न अपाङ्गता भएका छात्रछात्रालाई मासिक छात्रवृत्तीको व्यवस्था मिलाइने छ।

२४. कक्षा १ देखि १० सम्म गणित र विज्ञान विषयलाई अङ्ग्रेजी माध्यमबाट पठनपाठन गराउन विद्यालयलाई अभिप्रेरित गरिने छ।

२५. शैक्षिक क्यालेण्डर अनुसार पठन पाठन बिदा परीक्षामा एकरुपता कायम गरिने छ।

२६. संघीय सरकारबाट छनौट भएका विद्यालय शिक्षा सम्बन्धी कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिने छ।

२७. शिक्षक पेशागत सहयोगका लागि समूह सुपरीवेक्षण प्रणालीलाई प्रभावकारी बनाई विद्यार्थीको सिकाइ प्रभावकारी बनाइने छ।

२८. विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न विपन्न, अपाङ्ग र टुहुरा बालबालिकालाई स्टेशनरी र पोशाकको व्यवस्था गरिने छ।

२९. न्यूनतम विद्यार्थी संख्या नभई फाजिलमा रहेका शिक्षकलाई विद्यार्थी संख्या धैरै भएका विद्यालयमा स्थानान्तरण गरिने छ।

३०. बालविकास केन्द्रदेखि कक्षा १२ सम्मका विद्यार्थीका विषयगत सिकाइ र सिकाइ सामाग्री व्यवस्थापन तथा शिक्षकको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ।

३१. विद्यार्थीको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउन राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता र युवाहरूको व्यक्तित्व विकासका लागि अध्यक्षकप खेलकूद लगायतका प्रतियोगिता सञ्चालन गरिने छ।

३२. कक्षा ५ का विद्यार्थी उपलब्धीस्तर मापनका लागि उपलब्धी परीक्षा सञ्चालन गरिने छ।

**रोजगार, सीप तथा उद्यमशीलता**

३३. आगामी आ.व. २०८३/०८४ मा समृद्धि र दिगो विकासका लागि रोजगार, सीप र उद्यमशीलताको त्रिकोणलाई **"सीप सिकौं, सक्षम बनौं, आफ्नै ठाउँमा उद्यम गरौं"** नाराद्वारा कार्यान्वयन गर्दै स्थानीय युवालाई सीपयुक्त, सक्षम र उद्यमशील बनाई आत्मनिर्भर समृद्ध दंगीशरण गाउँपालिका बनाउने कार्यक्रमहरू सञ्चालन गरिने छ।

३४. संघ सरकारसँगको लागत साझेदारीमा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत उत्पादन तथा उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारीको प्रत्याभूति गरिने छ। सीप विकास उद्यमशीलता प्रवर्द्धन र वैदेशिक

रोजगारीबाट फर्केका व्यक्तिहरूको सीप र पूँजीको सदुपयोग गर्दै उनीहरूलाई समाजमा पुनःस्थापित गर्न पुनःएकिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

३५. बेरोजगारी दर्ता, रोजगारी सिर्जना हुने कार्यक्रम, स्थानीय श्रम बजार विश्लेषण, सीप तथा माग नक्साङ्कन, सीप विकास तालिम समन्वय, रोजगार परामर्श, जव म्याचिङ्ग, उद्यमशीलता प्रवर्द्धन, वैदेशिक रोजगारी सम्बन्धी कल्याणकारी सेवा, कन्सुलर सेवा, वैदेशिक रोजगारीमा जानेहरूको लागि निशुल्क श्रम स्वीकृति सहजिकरण सम्बन्धी सेवाहरू रोजगार, सीप तथा उद्यमशीलता केन्द्रको सुदृढीकरण गरी एकद्वार प्रणाली मार्फत प्रवाह गरिनेछ।

३६. आगामी आ.व. २०८३/०८४ मा दंगीशरण गाउँपालिकाभित्र रहेका जनशक्तिको रोजगारी, बेरोजगारी, सीप, उद्यम र वैदेशिक रोजगारीको समग्र वस्तुगत विवरण सहितको प्रोफाइल निर्माण गरिनेछ।

**सहकारी**

३७. दंगीशरण गाउँपालिकाभित्र सञ्चालित सहकारी संस्थाहरूलाई स्थानीय आर्थिक विकास, उत्पादन वृद्धि, रोजगारी सिर्जना, वित्तीय पहुँच विस्तार तथा गरिवी न्यूनिकरणको प्रमुख आधारको रूपमा विकास गरिनेछ । सहकारी संस्थाहरूलाई सुशासन, पारदर्शिता, उत्तरदायित्व, प्रविधीमैत्री व्यवस्थापन तथा उत्पादनमुखी लगानीतर्फ उन्मुख गराई **"समृद्ध सहकारी, समुन्नत समुदाय"** को अवधारणालाई कार्यान्वयन गरिनेछ।

३८. सहकारी संस्थाहरूको संस्थागत सुदृढीकरण तथा क्षमता विकास गर्ने।

३९. गाउँपालिका क्षेत्रभित्र रहेका सबै सहकारी संस्थाहरूको अद्यावधिक विवरण सङ्कलन तथा डिजिटल अभिलेखीकरण गरिनेछ

४०. सहकारी संस्थाहरुलाई अनिवार्य रुपमा कोपोमिस प्रणालीमा आवद्ध गराइनेछ।

४१. **"दिगो आर्थिक समृद्धिको आधार, उत्पादनमूखी र सुशासित सहकारी अभियान"** को नारालाई मूर्तरुप दिन सहकारी संस्थाहरुबाट उचित प्रतिफल प्राप्त गर्न अभियान संचालन गरिनेछ।

**गैरसरकारी संस्था**

४२. गाउँपालिका क्षेत्रभित्र कार्यरत सम्पूर्ण गैरसरकारी संस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई गाउँपालिकाको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रमसँग आवद्ध गराई विकास साझेदारीलाई सुदृढ गरिनेछ।

४३. गैरसरकारी संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमलाई स्थानीय आवश्यकता, प्राथमिकता र समुदायको मागमा आधारित बनाइनेछ।

४४. संस्थागत सुशासन, पारदर्शिता, उत्तरदायित्व तथा सामाजिक परीक्षणलाई अनिवार्य गर्दै प्रभावकारी अनुगमन प्रणाली विकास गरिनेछ।

४५. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित , सिमान्तकृत, आदिवासी जनजाति तथा विपन्न समुदायको सशक्तिकरण क्षेत्रमा सहकार्यलाई प्राथमिकता दिइनेछ।

४६. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, जीविकोपार्जन, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

४७. विकास साझेदार संस्थाहरूको लगानी तथा कार्यक्रमको दोहोरोपना न्यूनिकरण गरी स्रोत तथा साधनको प्रभावकारी उपयोग गरिनेछ।

४८. गैरसरकारी संस्थाहरूबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक सहयोगलाई स्थानीय विकास प्राथमिकतासँग एकिकृत गरिनेछ।

४९. गाउँपालिका क्षेत्रमा कार्यरत सम्पूर्ण गैरसरकारी संस्थाहरूको अद्यावधिक विवरणसहित NGO/INGO प्रोफाइल तथा सूचना व्यवस्थापन प्रणाली तयार गरिनेछ।

५०. गैरसरकारी संस्थाहरूको वार्षिक योजना, बजेट तथा प्रगति समिक्षा गर्न अर्धवार्षिक समन्वय बैठक सञ्चालन गरिनेछ।

५१. सामाजिक विकास, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न विकास साझेदार संस्थाहरूसँग सहकार्य गरिनेछ।

५२. बाल संरक्षण, बाल बिवाह नियन्त्रण, महिला सशक्तिकरण तथा लैङ्गिक हिंसा न्युनिकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

५३. विद्यालय शिक्षा सुधार, स्वास्थ्य प्रवर्द्धन, पोषण तथा सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

५४. युवा उद्यमशीलता, सीप विकास तथा स्वरोजगार प्रवर्द्धनका कार्यक्रम साझेदारीमा सञ्चालन गरिनेछ।

५५. जलवायु परिवर्तन अनुकूलन, वातावरण संरक्षण, वन संरक्षण तथा जैविक विविधता संरक्षणका कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

५६. विपद् पूर्वतयारी, उद्दार, राहत तथा पुनःस्थापनाका क्षेत्रमा गैरसरकारी संस्थाहरुसँग सहकार्य गरिनेछ।

५७. सामाजिक उत्तरदायित्व तथा सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गरी नागरिक सहभागिता वृद्धि गरिनेछ।

५८. गाउँपालिकामा सञ्चालन हुने सबै गैरसरकारी संस्थाहरूलाई वार्षिक प्रगति प्रतिवेदन पेश गर्न तथा परीक्षण गर्न प्रोत्साहित गरिनेछ।

५९. स्थानीय समुदायमा स्वयंसेवक परिचालन, नागरिक सचेतना तथा समुदाय सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

६०. दिगो विकास लक्ष्य (SDGs) प्राप्तिमा योगदान पुग्ने कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

६१. नाराः "स्थानीय सरकार, गैरसरकारी संस्था र समुदायबीचको सहकार्यबाट समृद्ध, समावेशी, उत्तरदायी र दिगो दंगीशरण निर्माण गरिनेछ"

## सामुदायिक वन

६२. सामुदायिक वनको दिगो संरक्षण, व्यवस्थापन तथा उपयोगलाई प्राथमिकता दिइनेछ।

६३. वन क्षेत्रको जैविक विविधता, वन्यजन्तु तथा जलाधार संरक्षणमा विशेष जोड दिइनेछ।

६४. सामुदायिक वन उपभोक्ता समूहहरूको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।

६५. वनजन्य उद्यम, जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको व्यवसायीकरणलाई प्रोत्साहन गरिनेछ।

६६. वन डढेलो नियन्त्रणका लागि अग्नी नियन्त्रण रेखा निर्माण गरिनेछ। साथै अवैध कटानी तथा वन अतिक्रमण नियन्त्रणलाई प्रभावकारी बनाइनेछ।

६७. जलवायु परिवर्तन अनुकूलन तथा कार्बन संरक्षण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६८. महिला, दलित, आदिवासी जनजाति,अल्पसंख्यक तथा विपन्न समुदायको वन व्यवस्थापनमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

६९. सामुदायिक वनलाई पर्यावरणीय संरक्षणसँगै स्थानीय आर्थिक समृद्धिको आधारका रूपमा विकास गरिनेछ।

७०. गाउँपालिकाभित्र रहेका सबै सामुदायिक वनहरूको तथ्याङ्क अद्यावधिक तथा डिजिटल अभिलेखीकरण गरिनेछ।

७१. सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरूलाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

७२. वन संरक्षण, वृक्षारोपण तथा वन पुनःस्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

७३. प्रत्येक सामुदायिक वनमा वार्षिक कार्ययोजना कार्यान्वयन तथा अनुगमन प्रणालीलाई सुदृढ गरिनेछ ।

७४. वन डढेलो नियन्त्रण तथा पूर्वतयारीका लागि सामुदायिक स्वयंसेवक समूह परिचालन गरिनेछ ।

७५. सामुदायिक वन क्षेत्रमा जडीबुटी, बाँस, निगालो तथा अन्य गैरकाष्ठ वन पैदावारको उत्पादन र प्रशोधन कार्यक्रम सञ्चालन गरिनेछ ।

७६. वनजन्य उद्यम तथा लघु उद्योग स्थापना गर्न आवश्यक प्राविधिक तथा संस्थागत सहयोग उपलब्ध गराइनेछ ।

७७. वन क्षेत्रसँग सम्बन्धित विद्यालयस्तरीय वातावरण तथा संरक्षण शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

७८. वन्यजन्तु-मानव द्वन्द्ध न्युनिकरणका लागि सचेतना तथा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

७९. सामुदायिक वन उपभोक्ता समूहहरूबीच अनुभव आदानप्रदान तथा अध्ययन अवलोकन भ्रमण सञ्चालन गरिनेछ ।

८०. हरित गाउँ, हरित वडा अभियान अन्तर्गत सामुदायिक वनसँग समन्वय गरी व्यापक वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ ।

८१. सामुदायिक वन क्षेत्रमा पर्यापर्यटन (Eco-tourism) तथा प्रकृतिमा आधारित आयमूलक कार्यक्रमहरूको सम्भाव्यता अध्ययन गरिनेछ ।

८२. सामुदायिक वनको आयलाई गरिबी न्यूनिकरण, महिला सशक्तिकरण तथा सामुदायिक विकासका कार्यक्रम परिचालन गर्न सहजीकरण गरिनेछ ।

८३. डिभिजन वन कार्यालय तथा सम्बन्धित निकायहरूसँग सहकार्य गरी दिगो वन व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।

८४. **"समृद्ध सामुदायिक वन, सुरक्षित वातावरण र समुन्नत दंगीशरण"** भन्ने मूल नाराका साथ वन र वातावरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**खानेपानी तथा सरसफाइ**

८५. गाउँपालिकाभित्रका सबै नागरिकलाई सुरक्षित तथा गुणस्तरीय खानेपानी सेवामा पहुँच बिस्तार गरिनेछ ।

८६. खानेपानी तथा सरसफाइ आयोजनाको दिगो सञ्चालन, मर्मत सम्भार तथा व्यवस्थापनमा उपभोक्ता समितिको भूमिका सुदृढ गरिनेछ ।

८७. खानेपानीका मुहान, जलाधार क्षेत्र तथा जलश्रोत संरक्षणलाई प्राथमिकता दिई वातावरणमैत्री कार्यक्रम सञ्चालन गरिनेछ ।

८८. खानेपानीको गुणस्तर परीक्षण तथा निगरानीलाई नियमित र प्रभावकारी बनाइनेछ ।

८९. सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका लागि समुदायमा व्यवहार परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

९०. जलवायु परिवर्तन तथा विपद्का कारण खानेपानी सेवामा पर्न सक्ने असर न्यूनिकरण गर्न अनुकूलनका कार्यक्रम सञ्चालन गरिनेछन् ।

९१. खानेपानी तथा सरसफाइ क्षेत्रमा महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको सहभागिता सुनिश्चित गरिनेछ ।

९२. खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको संस्थागत क्षमता विकास तथा सुशासन प्रवर्द्धन गरिनेछ ।

९३. खानेपानी तथा सरसफाइ योजनाहरूको अवस्था मूल्याङ्कन गरी आवश्यक मर्मत, सुधार तथा स्तरोन्नति कार्यक्रम सञ्चालन गरिनेछ ।

९४. खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा प्राविधिक कर्मचारीहरूलाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

९५. खानेपानीका स्रोत तथा संरचनाको नियमित निरीक्षण, अनुगमन तथा अभिलेखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

९६. प्रत्येक खानेपानी योजनामा वार्षिक मर्मत सम्भार योजना तयार गरी कार्यान्वयन गरिनेछ।

९७. खानेपानीको पानी परीक्षण तथा पानी सुरक्षा योजना (Water Safety Plan) कार्यान्वयनमा जोड दिइनेछ।

९८. विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थानहरूमा सरसफाइ तथा स्वच्छता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

९९. **"एक घर, एक धारा" तथा "स्वच्छ गाउँ, स्वस्थ नागरिक"** अभियानलाई निरन्तरता दिइनेछ।

१००. खानेपानीका मुहान संरक्षण, वृक्षारोपण तथा जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

१०१. खानेपानी तथा सरसफाइ क्षेत्रमा सूचना प्रविधिको प्रयोग बढाई तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गरिनेछ।

१०२. विपद् तथा खडेरी प्रभावित क्षेत्रमा वैकल्पिक खानेपानी व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ।

१०३. उपभोक्ता समितिहरूको वार्षिक सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा लेखापरीक्षणलाई अनिवार्य गरिनेछ।

१०४. खानेपानी तथा सरसफाइ सम्बन्धी उत्कृष्ट उपभोक्ता समितिलाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१०५. संघ, प्रदेश तथा विकास साझेदार संस्थाहरूसँग समन्वय गरी थप लगानी तथा प्राविधिक सहयोग जुटाइनेछ।

१०६. खानेपानी तथा सरसफाइ सेवाको दिगोपन, गुणस्तर अभिवृद्धि तथा नागरिकको जीवनस्तर सुधारको लागि समुदाय, उपभोक्ता समिति, सरोकारवाला निकाय तथा सम्पूर्ण नागरिकको सक्रिय सहभागिता सुनिश्चित गरीनेछ।

**उद्योग व्यवसाय**

१०७. स्थानीय स्रोत, साधन, सीप र प्रविधिमा आधारित साना, घरेलु तथा लघु उद्योगको स्थापना, बिस्तार र आधुनिकीकरणलाई प्राथमिकता दिइनेछ।

१०८. कृषि, पशुपालन, वनजन्य तथा खनिजजन्य उत्पादनमा आधारित उद्योगहरूको विकास र प्रवर्द्धन गरिनेछ।

१०९. युवाहरू, महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गलाई लक्षित उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

११०. गाउँपालिकाभित्र उत्पादन हुने वस्तु तथा सेवाको बजारीकरण र ब्राण्डिङ्लाई प्रोत्साहन गरिनेछ।

१११. उद्योग तथा व्यवसाय दर्ता, नवीकरण र नियमन प्रक्रियालाई प्रविधिमैत्री, सरल तथा पारदर्शी बनाइनेछ।

११२. स्थानीय उद्योग तथा व्यवसायलाई प्रतिस्पर्धी र दिगो बनाउन आवश्यक सीप, प्रविधि तथा वित्तीय पहुँचको व्यवस्था मिलाइनेछ।

११३. निजी क्षेत्र, सहकारी क्षेत्र तथा विकास साझेदार संस्थासँग सहकार्य गरी स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन गरिनेछ।

११४. स्वरोजगार तथा रोजगार सिर्जना गर्ने उद्योग तथा व्यवसायलाई विशेष प्रोत्सासन प्रदान गरिनेछ।

११५. उद्योग तथा व्यवसाय सञ्चालनमा वातावरणीय संरक्षण तथा सामाजिक उत्तरदायित्वका सिद्धान्तहरू अवलम्बन गरिनेछ।

११६. **"एक वडा, एक उत्पादन"** अवधारणालाई क्रमशः कार्यान्वयन गर्दै स्थानीय उत्पादनको व्यवसायीकरण गरिनेछ।

११७. गाउँपालिकाभित्र सञ्चालनमा रहेका उद्योग तथा व्यवसायहरूको अद्यावधिक तथ्याङ्क सङ्कलन गरी उद्योग तथा व्यवसाय प्रोफाइल तयार गरिनेछ।

११८. युवा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरी व्यवसाय सञ्चालन सम्बन्धी तालिम, अभिमुखीकरण तथा परामर्श सेवा प्रदान गरिनेछ।

११९. महिला उद्यमी तथा घरेलु उद्योग प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी उत्पादन सामाग्री, उपकरण तथा प्रविधिमा सहजिकरण गरिनेछ।

१२०. कृषि तथा पशुजन्य उत्पादनमा आधारित प्रशोधन उद्योग स्थापना तथा बिस्तारका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

१२१. स्थानीय उत्पादनको प्रदर्शनी, व्यापार, मेला तथा उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

१२२. उद्योग तथा व्यवसाय दर्ता, नवीकरण तथा कर प्रशासनलाई विद्युतीय प्रणालीमार्फत व्यवस्थित बनाइनेछ।

१२३. व्यवसायिक सीप विकास तालिमहरू (सिलाइकटाइ, बेकरी, काष्ठकला, धातुकला, आईटी तथा सेवा क्षेत्र) सञ्चालन गरिनेछ।

१२४. स्वरोजगार तथा लघु उद्यम विकासका लागि सहकारी संस्था र वित्तीय संस्थासँग समन्वय गरी सहुलियतपूर्ण वित्तीय पहुँचको व्यवस्था गरिनेछ।

१२५. स्थानीय उत्पादनको ब्राण्डिङ्, प्याकेजिङ तथा बजारीकरणका लागि आवश्यक सहयोग प्रदान गरिनेछ।

१२६. गाउँपालिकाभित्र उद्योग तथा व्यवसायहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

१२७. नवप्रवर्तनमा आधारित स्टार्टअप तथा नयाँ व्यवसायिक अवधारणालाई प्रोत्साहन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१२८. पर्यटन तथा सेवा क्षेत्रसँग सम्बन्धित व्यवसायहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

१२९. वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई उद्यमशीलतामा आवद्ध गराउन विशेष उद्यम कार्यक्रम सञ्चालन गरिनेछ।

१३०. स्थानीय उत्पादनको बजार पहुँच विस्तारका लागि डिजिटल मार्केटिङ तथा ई-कमर्स सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१३१. उद्योग वाणिज्य संघ, सहकारी संस्था तथा निजी क्षेत्रसँग साझेदारी गरी स्थानीय आर्थिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

१३२. व्यवसाय दर्ता प्रणालीलाई पूर्ण अनलाईन बनाउने कार्यको थालनी गरिनेछ।

**विपद् व्यवस्थापन**

१३३. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नीतिअनुसार विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाइनेछ।

१३४. विपद् पूर्वतयारी, जोखिम न्यूनिकरण, उद्दार, राहत, पुनःस्थापना तथा पुनर्निर्माणलाई समेट्ने एकीकृत विपद् व्यवस्थापन प्रणाली लागु गरिनेछ।

१३५. बाढी, पहिरो, आगलागी, चट्याङ, हुरीबतास, खडेरी, महामारी, वन डढेलो तथा अन्य प्राकृतिक एवं मानव सिर्जित विपद्को जोखिम न्यूनिकरणमा विशेष प्राथमिकता दिइनेछ।

१३६. वडा तहसम्म विपद् व्यवस्थापन समितिहरूलाई सक्रिय तथा सुदृढ बनाइनेछ।

१३७. विपद् प्रभावित नागरिकको उद्दार, राहत तथा पुनःस्थापनामा समावेशी, पारदर्शी र उत्तरदायी प्रणाली अवलम्बन गरिनेछ।

१३८. विपद् व्यवस्थापनमा सरकारी निकाय, सुरक्षा निकाय, सामुदायिक संस्था, रेडक्रस, निजी क्षेत्र तथा नागरिक समाजसँग समन्वय र सहकार्य गरिनेछ।

१३९. जलवायु परिवर्तनबाट उत्पन्न जोखिम न्यूनिकरणका कार्यक्रमलाई स्थानीय विकास योजनासँग आवद्ध गरिनेछ।

१४०. विद्यालय,स्वास्थ्य संस्था तथा सार्वजनिक संरचनाहरूलाई विपद् उत्थानशील बनाउने नीति अवलम्बन गरिनेछ।

१४१. जोखिमयुक्त बस्ती तथा क्षेत्रहरूको पहिचान गरी आवश्यक रोकथाम तथा स्थानान्तरण योजना तयार गरिनेछ।

१४२. बबई नदीमा कृत्रीम उद्दारको अभ्यास गरिनेछ।

## कानूनी मामिला इकाई

१४३. गाउँपालिकाको सबै ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरूको समयानुकूल पुनरावलोकन गरिनेछ।

१४४. संविधान, प्रचलित संघीय तथा प्रदेश कानूनसँग बाझिएका स्थानीय कानूनहरू संशोधन गरिनेछ।

१४५. कानूनी साक्षरता कार्यक्रममार्फत नागरिकलाई स्थानीय कानूनबारे जानकारी प्रदान गरिनेछ।

१४६. महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक तथा विपन्न वर्गको न्यायमा पहुँच अभिवृद्धि गरिनेछ।

१४७. गाउँपालिकाका सबै शाखालाई आवश्यक कानूनी परामर्श उपलब्ध गराइनेछ।

१४८. सबै वडामा कानूनी साक्षरता कार्यक्रम सञ्चालन हुनेछ।

## राजश्व शाखा

१४९. कर प्रणालीलाई अझ व्यवस्थित र पारदर्शी बनाउन कर सङ्कलनलाई बढाउन करदाता शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१५०. करको दरभन्दा दायरा बिस्तार गरी आन्तरिक राजश्वलाई प्रभावकारी बनाउन अहम् भूमिका खेलिनेछ।

## पशु विकास शाखा

१५१. आधारभूत पशु स्वास्थ्य सेवालाई परिभाषित गरी सबै तहमा रहेका सरकारी पशु स्वास्थ्य सेवा प्रदायकहरूबीच समन्वय गरी निःशुल्क वा सीमित शुल्क लिई सेवा उपलब्ध गराइनेछ।

१५२. निजीस्तरबाट प्रदान गरिने पशु स्वास्थ्य सेवाको गुणस्तर, सेवा प्रवाहका पद्धति र शुल्क निर्धारणका लागि मापदण्ड लगायतको व्यवस्था गरी सेवा प्रवाहलाई सुलभ वनाइनेछ। निजीस्तरमा भेटेरिनरी क्लिनिक वा अस्पताल राख्न तथा निजी पशु चिकित्सक वा व्यवसायीलाई प्रोत्साहित गरिनेछ। सरकारी, गैरसरकारी र निजी क्षेत्रमा कार्यरत पशु चिकित्सक तथा प्राविधिकहरुलाई क्षमता विकासको अवसर प्रदान गर्दै सेवा प्रवाहमा क्षमता वृद्धि गरिनेछ।

१५३. कृषकहरुबाट माग भएअनुसार विशेषज्ञ भेटेरिनरी सेवाको पहुँच नपुगेको स्थानमा सूचना प्रविधिमा आधारित टेलिभेटेरिनरी मेडिसिन प्रविधि तथा घुम्ती पशु स्वास्थ शिविर जस्ता विधिहरुको प्रयोग गरी विशेषज्ञ भेटेरिनरी सेवाको पहुँच विस्तार गरिनेछ।

१५४. पशु रोग निदान प्रयोगशाला सेवाको गुणस्तर निर्धारण गर्न आवश्यक मापदण्ड तयार गरी लागु गरिनेछ।

१५५. पशु स्वास्थ्य सम्बन्धी परम्परागत ज्ञान, सीप तथा प्रविधिहरुको पहिचान, अभिलेखिकरण,परीक्षण र उपयोगलाई प्रभावकारिताका आधारमा ब्यवस्थापन गरिनेछ।

१५६. पशु स्वास्थ्य सेवा प्रदान गर्ने निकायहरुबाट प्रवाह हुने आकस्मिक भेटेरिनरी सेवाको सूची निर्धारण गरिनेछ।

**कृषि विकास शाखा**

१५७. स्थानीयस्तरमा कृषि प्रवर्द्धनका लागि ऐन, नीति, निर्देशिका तयार गरिनेछ।

१५७. पालिकाका सबै वडामा साना तथा मध्यम खालका कृषि व्यवसाय स्थापनामा सहयोग गरिनेछ।

१५८. तरकारी उत्पादक कृषकलाई उत्पादनमा आधारित अनुदान सहयोग गरिनेछ।

१५९. खाद्यान्न,दलहन तथा तेलहन बालीका वीउ उत्पादनका लागि आवश्यक कार्यक्रम निर्माण गरिनेछ।

१६०. बाँझो जमिन उपयोगका लागि वीउ, मल तथा आवश्यक अन्य सामाग्रीमा अनुदान दिइनेछ।

१६१. माटोको उर्वराशक्ति सुधार गर्न माटोमा जैविक पदार्थ बढाउँदै लैजान माटो सुधारका लागि आवश्यक कार्यक्रम तथा जैविक मल उत्पादनमा जोड दिइनेछ।

१६२. उत्पादन लागत घटाउन कृषि यन्त्रको प्रयोगमा जोड तथा कृषि यन्त्रमा आवश्यक अनुदान दिइनेछ।

१६३. बजार माग तथा आपूर्ति अवस्था विश्लेषण गरी कृषकलाई मागमा आधारित उत्पादन कार्यक्रममा अनुदान सहयोग दिइनेछ।

१६४. गुणस्तरीय उत्पादनका लागि सीपमूलक तालिम प्रदान गरिनेछ।

१६५. सङ्कलन केन्द्रहरू, कोल्ड स्टोर, गोदाम घर निर्माण, खुद्रा तथा थोक खरिद केन्द्रहरू (हाट बजार, कृषि प्रदर्शनी) निर्माण गरिनेछ।

१६६. कृषि बजार सूचना प्रणाली स्थापना गरिनेछ।

१६७. उत्पादन वृद्धिका लागि विभिन्न वीउ विजन अनुदानमा तथा निशुल्क वितरण गरिनेछ।

१६८. सिचाई सुविधाका लागि आवश्यक कार्यक्रम निर्माण गरिनेछ।

१६९. दैनिक खानामा आयातित उत्पादनको सट्टा स्थानीय उत्पादनलाई प्रयोग गर्न प्रोत्साहन गरिनेछ।

१७०. माहुरी, च्याउ, फलफूल खेति क्षेत्र विस्तारका लागि आवश्यक कार्यक्रम गरिनेछ।

१७१. नगदे तथा मसला बाली उत्पादनका लागि आवश्यक कार्यक्रम निर्माण गरिनेछ।

१७२. रासायनिक विषादी न्यूनिकरणका लागि एकिकृत शत्रुजीव व्यवस्थापन प्रविधीमा जोड दिइनेछ।

१७३. खाद्यान्न उत्पादन वृद्धिका लागि वसन्ते मकै, चैते धान खेति क्षेत्र विस्तार गरिनेछ।

१७४. रैथाने बाली संरक्षण प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

**भूमि व्यवस्थापन**

१७५. भूमिहिन सुकुम्बासी, भूमिहिन दलित तथा अव्यवस्थित बसोवासीहरूको सङ्कलित लगतको छानविन एवं नकारात्मक सूचिमा परेका जग्गाको पहिचान गरी लालपुर्जा वितरणको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

१७६. नापी हुन बाँकी रहेका वडाहरूको जग्गाको नापजाँच गरी प्रक्रिया अगाडि बढाउने कार्य आगामी आ.व.मा गरिनेछ । यसको लागि आवश्यक हुने थप जनशक्ति र उपकरणको व्यवस्था गाउँपालिकाले गर्नेछ।

१७७. भू-उपयोग वर्गीकरणलाई अद्यावधिक गरी कित्ता काटलाई सहज बनाइनेछ। वर्गीकरण फरक पर्न गई समस्या भोगेका जग्गाधनीहरूको समस्या हल गर्न गाउँपालिकाबाट प्राविधिक जाँच गराई आवश्यक सिफारिस गरिनेछ।

१७८. भूमि प्रशासन सम्बन्धी कार्यहरू गाउँपालिकाबाटै उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाई सेवा शुरू गरिनेछ।

**लघु उद्यम विकास**

१७९. गरिवी निवारण गर्नका लागि स्थानीयस्तरमा भएका कच्चा पदार्थलाई सदुपयोग गरी स्थानीय आवश्यकता परिपूर्तिका साथ रोजगारी सिर्जना गराउने उद्देश्यले नयाँ उद्यमीहरू सिर्जना गरिनेछ।

१८०.गत आ.व.मा सिर्जना गरेको उद्यमीहरूलाई पूर्ण सीपयुक्त गराउने र व्यवसायलाई विस्तार गर्न उत्प्रेरित गरिनेछ।

१८१. अति गरिब र सामुहिक रूपमा व्यवसाय गर्ने उद्यमीहरूलाई ५० प्रतिशत लागत साझेदारीमा प्रविधी हस्तान्तरण गरिनेछ।

**न्यायिक समिति**

१८२.मेलमिलापकर्ताको माध्यमबाट मेलमिलाप गराउन सूचिकृत मेलमिलापकर्तालाई तालिम दिइनेछ।

१८३. न्याय सम्बन्धी सरोकारवालाहरूलाई कानूनी सचेतना सम्बन्धी तालिम दिई न्याय सम्पादनमा सहजिकरण गर्न सहयोग गरिनेछ।

१८४. कानून सम्बन्धी तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरी न्याय सम्पादन प्रणाली लाई छिटो,छरीतो,सहज र सर्वसुलभ बनाईनेछ।

१८५. न्यायिक समिति बाट हुने गरेका कामकारबाही तथा असल अभ्यास आदानप्रदानको लागि अन्तरपालिका भ्रमण कार्यक्रम सञ्चालन गरीनेछ।

**सुशासन तथा संस्थागत विकास**

१८६. गाउँपालिकाबाट हुने सेवा प्रवाहलाई सहज, सुलभ, प्रभावकारी तथा छिटो छरितो बनाउन सेवाको सुदृढिकरण गर्ने साथै गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सांगठनिक संरचनालाई समसामयिक, चुस्त र दुरुस्त बनाइनेछ।

१८७. कर्मचारी तथा जनप्रतिनिधीहरूको क्षमता विकास तालिम सञ्चालन गर्ने, सेवा समूह र प्रकृति अनुसार उपयुक्त व्यक्तिलाई उपयुक्त जिम्मेवारी प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

१८८. अपाङ्ग, अशक्त तथा ज्येष्ठ नागरिकलाई सेवा प्रवाहमा प्राथमिकता दिई छिटोछरितो सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।

**सेवा प्रवाहतर्फ**

१८९. नागरिकलाई सरल र सहज रूपमा सेवा प्रवाहको व्यवस्था गर्न कार्यालयमा नागरिक सहायता कक्ष निर्माण गरी सञ्चालन गरिनेछ। नागरिक सहायता कक्षबाट सेवाग्राहीलाई फोटोकपी, निवेदन जस्ता सेवा निशुल्क रूपमा प्रदान गरिनेछ।

१९०. नागरिकका गुनासाहरूलाई व्यवस्थापन गर्न गुनासो सुनुवाई संयन्त्रको व्यवस्था गरी गुनासो व्यवस्थापन गरिनेछ।

१९१. कार्यालयमा कामको बोझ हेरी कार्यालय समयबाहेक काम गर्ने कर्मचारीहरूलाई उचित प्रोत्साहन रकमको व्यवस्था गरिनेछ। उत्कृष्ट कार्य गर्ने कर्मचारीहरूलाई पुरस्कृत गर्ने कार्यक्रम लाई निरन्तरता दिईनेछ। साथै कार्य सम्पादनमा आधारित प्रोत्सहान प्रणालीको प्रभावकारी रुपमा अवलम्बन गरीनेछ।

१९२. कार्यबोझ हेरी कामको चाप बढी भएका शाखामा थप जनशक्ति व्यवस्था नहुँदासम्म कार्यचाप कम भएका अन्य शाखामा कार्यरत कर्मचारीलाई समेत थप जिम्मेवारी प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

**स्वास्थ्य**

१९३. विशेषज्ञ चिकित्सकद्वारा दंगीशरण आधारभूत अस्पतालमा (Minor Surgery) जस्तै; Hydrocele, हर्नियाा, Video x-ray, C/S सेवाहरुको सुनिश्चित गरिनेछ।

१९४. दंगीशरण आधारभूत अस्पताल, बागरमा बगैंचा प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१९५. पोषणमैत्री संस्था घोषणा गरिनेछ।

१९६. दंगीशरण स्वास्थ्य सुधार कार्यक्रम नियमित गरिनेछ।

१९७. पूर्ण खोप सुनिस्चितता र पूर्ण संस्थागत सुत्केरीयुक्त पालिका घोषणालाई कायम गरिनेछ।

१९८. सुत्केरी प्रोत्सान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१९९. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक सामाग्रीहरु वितरण गरिने छ।

२००. मनोसामाजिक परामर्शद्वारा उपलब्ध सेवाहरुको सुनिश्चित गरिनेछ।

२०१. महिला दिदिबहिनीहरुको स्वास्थ्य अवस्था मध्यनजर गर्दै VIA Camp को निरन्तरता गरिने छ।

२०२. बिपन्न नागरिकलाई बिमा कार्यक्रममा आवद्ध गरिने छ।

२०३. स्वस्थ बच्चा प्रतिस्पर्धा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२०४. सुरक्षित गर्भपतन कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिने छ।

२०५. दंगीशरण आधारभूत अस्पतालमा २४ घण्टा नै E /R Inpatient, ल्याब र Pharmacy सेवाको सुनिश्चितता गरिने छ।

२०६. आम नागरिकलाई वर्षभरी नै औषधी उपलब्ध गराइने छ।

२०७. दंगीशरण आधारभूत अस्पतालदेखि rabies खोप उपलब्धताको सुनिश्चितता गरिनेछ र प्रत्यक संस्था देखि T.T खोपको व्यवस्था मिलाइनेछ।

२०८. शुद्ध पानी पिउने अधिकारको सुनिश्चितता गरिने छ।

२०९. आम नागरिकको स्वास्थ्य अबस्थालाई मध्यनजर गर्दै विभिन्न समयमा विशेषज्ञ शिविरहरु संचालन गरिने छ।

२१०. उज्यालो आँखा कार्यक्रमलाई निरन्तरता दिईने छ।

२११. चौधरी समुदायलाई मध्यनजर गर्दै सिक्कल सेल एनिमियाको शिविर संचालन गरिने छ।

**सडक तथा पूल**

२१२. MTMP (Municipal Transport Master Plan) तयार गरी सोहि अनुरुप प्राथमिकताका आधारमा आवश्यक स्थानमा नयाँ ट्र्याक खोल्ने, सडक स्तरोन्नति कार्य गरिने छ।

२१३. विगत आ.व. मा सुरु भएर अधुरो रहेका योजनाहरुमा (कलम खोला पुल) पुरा बजेट व्यवस्थापन गरेर सम्पन्न गरिने छ।

२१४. वहुवर्षीय आयोजनाको रुपमा निर्माणधीन योजनाहरुमा आवश्यक पुरा बजेट व्यवस्थापन गरी योजना आ.व. २०८३/०८४ मा सम्पन्न गरिने छ।

२१५. बाढी र पहिरोबाट बन्द बाटो खोल्ने कार्यका लागि छुट्टै बजेट व्यवस्थापन गरिने छ। बाढी, पहिरो नियन्त्रणको लागि छुट्टै योजना बनाई कार्यान्वयन गरिने छ।

२१६. गाउँपालिका भित्र विभिन्न स्थानमा मोटरेबल पुल आवश्यकता यकिन गरी बजेट व्यस्थापन गरी निर्माण गर्न पहल गरिने छ।

**भवन**

२१७. वहुवर्षीय आयोजनाको रूपमा निर्माणधीन योजनाहरूमा आवश्यक पुरा बजेट व्यवस्थापन गरी योजना आ.व. २०८३/०८४ मा सम्पन्न गरिने छ।

२१८. विगत आ.व. मा शुरू भएर अधुरो रहेका योजनाहरूमा पुरा बजेट व्यवस्थापन गरेर सम्पन्न गरिने छ।

२१९. जोखिम भूगोल भएको स्थान र प्राविधिकरूपमा अनुपयुक्त स्थानमा भवन निर्माण गरिने छैन।

२२०. नयाँ भवनको आवश्यकता र प्राथमिकता अधारमा भवन निर्माण स्थल प्राप्त गरे पछि मात्र नयाँ भवन निर्माण कार्यको लागि बजेट व्यवस्थापन गरिने छ।

**सिंचाई**

२२१. राम्रो उत्पादन हुने कृषि क्षेत्रको सुची तयार पारि र सो स्थानमा आवश्यक सिंचाई कुलो र सिंचाई पोखरीको निर्माण गरी कृषि उत्पादन बढाउने कार्य गरिने छ।

**खानेपानी**

२२२. एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिईने छ।

२२३. खानेपानी शुद्धता चेकजाँचका लागि मुहानबाटै खानेपानी गुणस्तर परिक्षण गर्ने कार्य सुरुवात गरिने छ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण**

२२४. राष्ट्रिय परिचयपत्र अनिवार्य भएको सन्दर्भमा राष्ट्रिय परिचयपत्रमा आधारित सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरूको सूचिकरण तथा नवीकरण बायोमेट्रिक डिभाइस (फिङ्गर प्रिन्ट, आररिस डिभाइस) को माध्यमबाट गरिनेछ । साथै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको अवस्थालाई मध्यनजर गर्दै वडा, गाउँ/टोल वा घरदैलोसम्म पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई बढावा दिइनेछ। दलित बालबालिकाहरूको बालपोषण भत्ता सम्बन्धमा पोषण सम्बन्धी सचेतनामूलक कार्यक्रम विभिन्न सरोकारवाला निकायहरूको समन्वयमा लागु गरिनेछ।

२२५. व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, मृत्यु, बिवाह, बसाइ सराइ र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता समयमा नै दर्ता गर्नका लागि सम्बन्धित नागरिकहरूका लागि नागरिक सचेतना कार्यक्रम लागु गरिनेछ।

**लैङ्गिक समानता तथा सामाजिम समावेशिकरण**

२२६. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको मान्यतालाई व्यवहारमा लागु गर्न क्षमता विकास तथा सबलिकरण कार्यक्रमहरु संचालन गरिने छ।

२२७. प्रदेश सरकार सँगको साझेदारीमा बालविबाह न्यूनीकरण सम्बन्धी अभियान संचालन गरिने छ।

२२८. महिला रोजगारी तालिम र उद्यमशिलता विकासका लागी बीउ पूँजि सहितको संघ सरकार सँग साझेदारिमा कार्यक्रम संचालन गरिने छ।

२२९. दंगीशरण गाउँपालिका भित्र जन्मिएको र आगामी आ.व. मा जन्मिने छोरीहरुको भविष्यको जग सुन्दर एवं मजबुत बनाउन अभिभावकत्व ग्रहण गर्ने कामलाई जारी राख्दै आगामी आ.व. मा समेत छोरि सम्मान कार्यक्रमलाई थप प्रभावकारी एवं व्यवस्थित ढंगले संचालन गरिनेछ।

२३०. दंगीशरण गाउँपालिकालाई बालश्रम मुक्त स्थानीय तह घोषणा गर्न प्रकृया थालनी गरिनेछ।

२३१. दलित तथा विपन्न समुदाय लक्षित खर, खपडा, टायलको छानो विस्थापन कार्यक्रम संचालन गरिनेछ।

२३२. छुवाछुत तथा जातिय विभेदको न्यूनीकरण गरिनुका साथै दलित समुदायको आय स्तर वृद्धि गर्न विषेश कार्यक्रमहरु संचालन गरिनेछ।

२३३. हाम्रो समाज एवं पुस्ताका अभिभावकहरु सम्पूर्ण जेष्ठ नागरिकहरुको हक हित तथा संरक्षणको लागी पालिकास्तरीय जेष्ठ नागरिक मञ्चलाई थप प्रभावकारी बनाईछ।

**सूचना तथा प्रविधि**

२३४. दंगीशरण गाउँपालिकाबाट हुने सेवा प्रवाहलाई थप प्रविधिमैत्री बनाईने छ।

२३५. कार्यालयबाट जारी हुने सम्पूर्ण सूचना तथा कार्यपालिका एवं गाउँसभाका सबै निर्णयहरु कार्यालयको वेबसाईटमा समयमै सार्वजनिक गरिनेछ।

२३६. गाउँपालिका भित्रका सम्पूर्ण सरकारी कार्यालयहरु, सामुदायिक विद्यालयहरुमा ईन्टरनेट पुर्याउने अभियानलाई अन्तिम रुप दिन आगामी आ.व. मा फुर्केसल्ली क्षेत्रमा समेत फाईबर ईन्टरनेट सेवा पुर्याउन नीजी क्षेत्र सँग साझेदारी गरिने छ।

२३७. प्रदेश सरकार सँगको सहकार्यमा यस दंगीशरण गाउँपालिकामा नागरिमैत्री सेवा प्रवाहलाई सुव्यवस्थित गर्न डिजिटल एकल विन्दु सेवा प्रवाह प्रणाली स्थापना तथा संचालन गरिनेछ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रममा उल्लिखित व्यवस्थाहरूको सफल कार्यान्वयनबाट मात्र "हाम्रो प्रण, समुन्नत दंगीशरण" को लक्ष्य हासिल गर्न सकिन्छ। यसको सफल कार्यान्वयनको लागि सम्पूर्ण जनप्रतिनिधी, राजनैतिक दल, कर्मचारी, शिक्षक, वुद्धिजिवी, समाजसेवी, महिला दिदीबहिनीहरू, सामाजिक कार्यकर्ता, संघसंस्था र सहयोगी निकायहरू सबैको उत्तिकै चासो, सरोकार, सक्रियता र लगनशीलताको आवश्यकता पर्दछ। सबैको सामूहिक प्रयत्नबाट मात्र हामी सबैको शत्रु गरिबी, बेरोजगारी, भ्रष्टाचार, अनियमितताको अन्त्य गरी सामाजिक रुपान्तरणको बाटोमा अगाडी बढ्न सकिन्छ।

मेरो कार्यकालको यो अन्तिम वर्षको वार्षिक नीति तथा प्रस्तुत गरिरहँदा मलाई आजसम्म सहयोग, साथ र समर्थन गर्नुहुने समस्त दंगीशरणबासी आम दाजुभाई तथा दिदीबहिनीहरू, सार्वभौम मतदाताज्यूहरू, जनप्रतिनिधीहरू, कर्मचारी, राजनैतिक दल,शिक्षक, विद्यार्थी, सम्मानित ज्येष्ठ नागरिकहरू, सामाजिक कार्यकर्ता, सामाजिक संघसंस्थाहरू,सहयोगी निकाय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू सबैको योगदानको उच्च मूल्याङ्कन गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु। प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि सबैसँग हार्दिक अपिल पनि गर्दछु।

**दंगीशरण गाउँपालिकाको जय होस्, दंगीशरणबासीको जय होस्। धन्यवाद !**

शम्भु गिरी
अध्यक्ष

मितिः २०८३/०३/०९